26 November 2024

# आकाशवाणी
# समाचार

## मुख्य समाचार

- देशका नागरिकलाई संवैधानिक आदर्शहरू आफ्नो आचरणमा आत्मसात गर्न राष्ट्रपतिको आग्रह
- केन्द्र सरकारले जारी गऱ्यो 15 राज्यलाई आपदा कोष
- 20 दिसम्बरमा हुनेछ राज्यसभाका 6 सिटको उप चुनाउका लागि मतदान
- बङ्‌लादेशमा पुलिसले गऱ्यो श्री चिन्मय प्रभुका अनुयायीहरूमाथि लाठीचार्ज
- 13 वर्षीय वैभव सूर्यवंशी आईपीएलका सबैभन्दा कान्छो खेलाडी बने, अनि
- इन्डियन सुपर लिग फुटबलमा अहिले मुम्बई सिटी एफसी र पञ्जाब एफसीमाझ भिडन्त हुँदै

## राष्ट्रपति-संविधान दिवस

2047 सम्ममा विकसित भारत निर्माणको राष्ट्रिय लक्ष्य प्राप्त गर्नका लागि राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले देशका नागरिकलाई आफ्नो मौलिक कर्तव्य र कार्यहरू पूरा गर्न संवैधानिक आदर्शहरूलाई आफ्नो आचरणमा आत्मसात गर्न आग्रह गर्नुभएको छ।

संविधान दिवसको अवसरमा आज नयाँ दिल्लीस्थित सेन्ट्रल हल अफ संविधान सदनमा आयोजित भव्य कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती मुर्मुले भारतीय संविधानलाई जीवन्त र प्रगतिशील दस्तावेज बताउनुभयो । यसबाट देशले सामाजिक न्याय र समावेशी विकासको लक्ष्य हासिल गरेको उहाँको भनाई थियो।

उहाँले संविधान अनुरूप सर्वसाधारणको जीवन सहज बनाउन कार्यपालिका, विधानपालिका र न्यायपालिकाले मिलेर काम गर्नुपर्ने बताउनु भयो । राष्ट्रपतिले भन्नुभयो, सरकारले हालैका वर्षहरूमा समाजका सबै वर्गहरू, विशेष गरी कमजोर वर्गको कल्याणका लागि धेरै उपायहरू गरेको छ। उहाँले गरिबले घर पाउन थालेको र देशमा विश्वस्तरीय पूर्वाधार निर्माण भइरहेको उल्लेख गर्नुभयो। राष्ट्रपतिले लोकसभा र विधानसभामा महिला आरक्षण सम्बन्धी नारी शक्ति वन्दन अधिनियम पारित भएकोमा खुशी प्रकट गर्नुभयो। उहाँले यो कानुनले महिला सशक्तीकरणको नयाँ युगको थालनी गरेको बताउनु भयो ।

राष्ट्रपतिले भारतीय संविधानको प्रस्तावनामा लेखिएका न्याय, स्वतन्त्रता, समानता र भ्रातृत्वका आदर्शहरूबारे पनि चर्चा गर्नुभयो । यी आदर्शहरूले सबै नागरिकलाई समाजमा एक-अर्काको

हेरचाह गर्ने र फस्टाउने अवसरहरू प्रदान गर्दछ भन्नुभयो। राष्ट्रपतिले वस्तु तथा सेवा कर प्रणालीको कार्यान्वयन र अन्य पछौटे वर्गका लागि राष्ट्रिय आयोगलाई संवैधानिक दर्जा दिइएको र तीनवटा नयाँ आपाराधिक कानूनका विषयमा पनि चर्चा गर्नुभयो। उहाँले यी ऐतिहासिक निर्णयका लागि सांसदहरुको प्रशंसा गर्नुभयो । राष्ट्रपतिले आफ्नो नयाँ विचारका साथ भारतले नयाँ वैश्विक चिन्हारी प्राप्त गरिरहेको बताउनुभयो । उहाँले विश्वको अग्रणी अर्थतन्त्र बनेर भारतले पनि विश्वबन्धुत्वको भूमिका निर्वाह गरिरहेको बताउनु भयो। राष्ट्रपतिले बाबा साहेब भीमराव अम्बेडकरले भारतीय संविधानमा प्रगतिशील र समावेशी छाप छोडेको बताउनुभयो।

यस अवसरमा उपराष्ट्रपति श्री जगदीप धनखड अनि लोकसभा अध्यक्ष श्री ओम बिरलाले पनि सम्बोधन गर्नुभयो।

## सरकार- आपदा कोष

केन्द्र सरकारले 15 राज्यहरूका लागि आपदा न्यूनीकरण र क्षमता निर्माण परियोजनाहरूका लागि 1 हजार 115 करोड रुपियाँ भन्दा धेरै धनराशि स्वीकृत गरेको छ। केन्द्रीय गृहमन्त्री श्री अमित शाहको नेतृत्वमा रहेको उच्चस्तरीय समितिले यो कोषलाई अनुमोदन गरेको हो। समितिले आठ पूर्वोत्तर राज्यका लागि 378 करोड रुपियाँ, उत्तराखण्ड र हिमाचल प्रदेशका लागि 139-139 करोड रुपियाँ, महाराष्ट्रका लागि एक सय करोड रुपियाँ, कर्नाटक र केरलका लागि 72-72 करोड रुपियाँ र तमिलनाडु र पश्चिम बंगालका लागि 50-50 करोड रुपियाँ विनियोजन गरेको छ।

उच्च स्तरीय समितिले सबै राज्य र केन्द्र शासित प्रदेशहरूमा नागरिक रक्षाका लागि प्रशिक्षण र क्षमता विकास गर्न 150 करोड रुपियाँ भन्दा धेरैको बजेट विनियोजनसितै अर्को परियोजना पनि अनुमोदन गरेको छ।

## EC-RS उपचुनाउ

निर्वाचन आयोगले 6 राज्यसभा आसनका लागि उप चुनाउको मिति घोषणा गरेको छ । यसमा तीन सिट आन्ध्र प्रदेशका छन् भने ओडिशा, पश्चिम बंगाल र हरियाणाका एक-एक सिट छन्। उपचुनाउका लागि 3 दिसम्बरमा अधिसूचना जारी हुनेछ अनि 10 तारिकसम्म मनोनयन पत्र बुझाउन सकिनेछ । मतदान र मतगणना 20 दिसम्बरमा हुनेछ।

## सर्वोच्च न्यायालय - EVM

सर्वोच्च न्यायालयले आज इलेक्ट्रोनिक भोटिङ मेसिन–इभिएमको साटो मतपत्र प्रयोग गर्न निर्वाचन आयोगलाई निर्देशन गर्न माग गरिएको एउटा जनहित याचिका खारेज गरिदिएको छ। न्यायाधीश न्यायमूर्ति विक्रम नाथ र न्यायमूर्ति पी.बी. वरालेको खण्डपीठले इभीएममा कथित हेरफेरको कारण मतपत्र प्रणाली फर्काउने मागलाई आज अस्वीकार गरेको हो। यसभन्दा अघि गत मार्च महिना पनि सर्वोच्च न्यायालयले मतपत्र मार्फत लोकसभा चुनाउ गराउन निर्देशन गर्न माग गरिएको यस्तै जनहित याचिकामाथि विचार गर्न अस्वीकार गरेको थियो।

## एकनाथ शिन्दे राजीनामा

श्री एकनाथ शिन्देले महाराष्ट्रका मुख्यमन्त्री पदबाट राजीनामा दिनुभएको छ। यसका साथै राज्यपाल श्री सीपी राधाकृष्णनले श्री एकनाथ शिन्देलाई कार्यवाहक मुख्यमन्त्री नियुक्त गर्नुभएको छ। श्री शिन्दे अनि उपमुख्यमन्त्रीहरू श्री देवेन्द्र फडणवीस र श्री अजित पवारले आज राजभवनमा राज्यपाललाई भेट गर्नुभयो। वर्तमान विधानसभाको कार्यकाल आज पूरा हुँदैछ । भारतीय जनता पार्टी, श्री शिन्देको नेतृत्वमा रहेको शिवसेना र राष्ट्रवादी कंग्रेस पार्टी अजित पवार गुट रहेको महायुती गठबन्धनले हालै सम्पन्न विधानसभा चुनाउमा 288 सिटमध्ये 230 सिट जितेको छ । बीजेपी 132 सिटका साथ सबैभन्दा ठूलो पार्टीका रूपमा निर्वाचित भएको छ। श्री शिन्देको नेतृत्वमा रहेको शिवसेनाले 57 सिट र अजित पवारको नेतृत्वमा रहेको एनसीपीले 41 सिट जितेको छ ।

## बंगलादेश - चिन्मय प्रभु

बंगलादेशको इस्कोन पुण्डरिक धामका श्री चिन्मय कृष्ण दास ब्रह्मचारीका अनुयायीहरूमाथि पुलिसले लाठीचार्ज गर्नका साथै साउन्ड ग्रेनेड प्रहार गरेको छ।

उनीहरु आफ्ना नेतालाई रिहा गर्ने माग गर्दै चटगाउँ मजिस्ट्रेट न्यायालय परिसरमा भेला भएका थिए। यसअघि मंगलबार चटगाउँ महानगरीय न्यायालयले बंगलादेश समष्टी सनातन जागरण मञ्चका प्रवक्ता श्री चिन्मय प्रभुको जमानतको निवेदन खारेज गर्दै जेल पठाउन आदेश दिएको थियो । उहाँलाई सोमबार ढाका विमानस्थलबाट चटगाउँको उडान लिन आएका बेला ढाका पुलिसले पक्राउ गरेको थियो ।

**अन्तर्राष्ट्रिय फिल्म महोत्सव**

**भारतीय अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा आर्टिकल 370 फिल्मका निर्देशक आदित्य सुहास जाम्भाले-ले यस उत्सवमा आफ्नो अनुभव निकै राम्रो रहेको बताउनु भएको छ। उहाँले गोल्डेन पिकक अवार्ड जित्ने आशा पनि व्यक्त गर्नुभएको छ ।**

**डकुमेन्ट्री** Pillars of Progress: The Epic Story of Delhi Metro **लाई पनि इन्डियन पनोरमाको गैर-फिचर फिल्म वर्गमा देखाइएको छ। महोत्सवमा आज मास्टरक्लास सत्रमा सोनु निगम, शाहिद रफी, सुभाष घई र अनुराधा पौडवाल सहभागी हुनुभयो ।**

**कान्छो खेलाडी – आईपीएल**

**13 वर्षीय वैभव सूर्यवंशी इन्डियन प्रिमियर लिग–आईपीएलका सबैभन्दा कान्छो खेलाडी बनेका छन् । राजस्थान रोयल्सले उनलाई आईपीएल–2025 को लागि 1 करोड 10 लाख रुपियाँमा आफ्नो टीममा समावेश गरेको छ ।**

**वैभव हालै अन्तर्राष्ट्रिय खेलमा शतक बनाउने सबैभन्दा कान्छो खेलाडी बनेका छन्। उनले अष्ट्रेलियाविरुद्ध चेन्नईमा अन्डर-19 खेलाडीका लागि भएको युवा टेस्टमा ६२ बलमा १०४ रन बनाएका थिए। यस वर्षको सुरुमा, वैभव १२ वर्षको उमेरमा बिहारको रणजी ट्रफीमा पुगेका थिए र सबैभन्दा कान्छो रणजी ट्रफी खेलाडी बनेका थिए।**

**फुटबल** - ISL

**इन्डियन सुपर लिग फुटबलमा अहिले मुम्बई सिटी एफसी र पञ्जाब एफसीमाझ मुम्बई फुटबल एरिनामा भिडन्त शुरु भएको छ।**

**प्रतियोगितामा हिजो भएको खेलमा ओडिशा एफसीले हैदरावाद एफसीलाई ६ गोलले पराजित गरेको थियो ।**

**मुख्य समाचार फेरि एकपल्ट**

- देशका नागरिकलाई संवैधानिक आदर्शहरू आफ्नो आचरणमा आत्मसात गर्न राष्ट्रपतिको आग्रह
- केन्द्र सरकारले जारी गऱ्यो 15 राज्यलाई आपदा कोष
- 20 दिसम्बरमा हुनेछ राज्यसभाका 6 सिटको उप चुनाउका लागि मतदान
- बङ्‌गलादेशमा पुलिसले गऱ्यो श्री चिन्मय प्रभुका अनुयायीहरूमाथि लाठीचार्ज
- 13 वर्षीय वैभव सूर्यवंशी आईपीएलका सबैभन्दा कान्छो खेलाडी बने, अनि
- इन्डियन सुपर लिग फुटबलमा अहिले मुम्बई सिटी एफसी र पञ्जाब एफसीमाझ भिडन्त हुँदै